# नेपाल आयल निगम लिमिटेडको

## ३५ औं वार्षिक साधारण सभा बस्नेबारेको सूचना

(प्रथमपटक प्रकाशित मिति : २०७४।०१।१४)

**आदरणीय शेयरधनी महानुभावहरू,**

मिति २०७४।१।७ मा बसेको निगम सञ्चालक समितिको २१४७ औं बैठकको निर्णयअनुसार निगमको ३५औं वार्षिक साधारण सभा देहायमा उल्लेखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं।

### सभा हुने मिति, समय र स्थान :

**मिति :** २०७४ जेठ ५ गते, शुक्रबार,

**समय :** अपरान्ह १:०० बजे,

**स्थान :** नेपाल आयल निगम लिमिटेड, केन्द्रीय कार्यालयको सभाकक्ष, बबरमहल, काठमाडौं।

### छलफलका विषयहरू :

**सामान्य प्रस्तावहरू :**

१) अध्यक्षज्यूको मन्तव्य र ३५औं वार्षिक साधारण सभाका लागि सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने।

२) लेखापरिक्षकको प्रतिवेदनसहितको आर्थिक वर्ष २०७२।७३ को वासलात, नाफा–नोक्सान हिसाब तथा सोही अवधीको नगद प्रवाह विवरणलाई छलफल र पारित गर्ने।

३) आर्थिक वर्ष २०७२।७३ को मुनाफाबाट निगमको शेयरधनीहरूलाई चुक्ता पुँजीको ५० (पचास) प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने।

४) आर्थिक वर्ष २०७३।७४ को लेखापरिक्षण गर्न लेखापरीक्षकको नियुक्ती र पारिश्रमिक तोक्ने।

५) ३५औं वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयरधनीहरू तथा सञ्चालकहरूको तर्फबाट एक–एक जना प्रतिनिधि तोक्ने।

६) निगम सञ्चालक समितिका सदस्यहरूको वृद्धि गरिएको बैठक भत्ताको अनुमोदन सम्बन्धमा।

७) विविध।

**सञ्चालक समितिको आज्ञाले**

**सदस्य–सचिव**